# महाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

## आर्थिक वर्ष२०७९/०८०

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

## अध्यक्ष श्री सूर्य बहादुर राईज्यू द्वारा प्रस्तुत नीति तथा कार्यक्रम

## महाकुलुङ गाउँपालिका

## बुङ, सोलुखुम्बु

मितिः २०७९/०३/१० गते

२०७९/३/१०

सूर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

# महाकुलुङ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

प्रदेश नं १ प्रदेश सभा सदस्य माननीय, जिल्ला समन्वय समिति सोलुखुम्बुका प्रमुख, गाउँ सभाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सदस्यहरु, , राजनीतिक दलका प्रतिनिधि, कर्मचारीहरु, पत्रकार, समाजसेवी, सुरक्षाकर्मी मित्रहरु तथा महाकुलुङ बासी बुवाआमा, दाजुभाई तथा दिदी बहिनीहरु ।

यो सम्मानित सभामा आज मिति २०७९ साल आषाढ १० गतेका दिन यस महाकुलुङ गाउँपालिकाको आगामी आ.व.०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी महसुस गरेको छु ।

संविधान सभा मार्फत संविधान जारी गरि नेपाली जनताको चाहाना अनुसार नेपालको संविधान २०७२ जारी भई कार्यान्वयन भएको सातौं बर्षमा प्रवेश गरेकों छ । संघियताको पूर्ण कार्यान्वयनका लागि ३ तहका सरकार क्रियाशिल रहेका छन् । विकेन्द्रिकरण मार्फत जनअधिकारको सम्मान जनमुखि सेवा प्रवाहका लागि तीनै तहको समन्वयमा नेपालमा पहिलो पटक संघियताको अभ्यासको ५ बर्ष पूरा भएको छ । तीन तहको सरकारको अवधारणा अनुसार तीनै तहका सरकारको आपसी समझदारी र सहकार्य परिपक्वता उन्मुख छ । घरघरमा जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले पहिलो ५ बर्षे कार्यकाल पूरा गरी दोश्रो ५ बर्षे कार्यकालको अभिभारा सम्हाल्ने चरण हामीहरु यहाँ निर्वाचित भएर आएका छौं ।

गाउँ गाउँमा सिंहदरबारको अवधारणालाई सार्थकता दिन स्थानीय सरकारले जिम्मेवार ढंगले काम गरिरहेका छन् । ठूला ठूला आपतविपत र प्राकृतिक बिपदमा स्थानीय सरकारले खेलेको भुमिका उल्लेखनीय रहेको छ । देशभरीका स्थानीय सरकारहरुको समिक्षा गर्दा छिटपुट बाहेक जनताको बास्तविक नजिकको सरकारको रुपमा स्थानीय तहले जन उत्तरदायी कार्य सम्पादन गरेको तथ्यहरुले नै प्रमाणित गरिसकेका छन् ।

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको एकल अधिकार र संयुक्त अधिकारको कार्यान्वयनमा पहिलो कार्यकालमा सम्पन्न भएको छ । यो समयमा हामीहरु कतिपय नीतिगत अष्पष्टताको कारण चाहेर पनि जनताको काम गर्न सकेनौ होला । सङ्घियताको मर्म र संविधानको भावना अनुकुल गरिब विपन्न असहाय, दलित, महिला आदिलाई लक्षित गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने अवस्थामा कतिपय अवस्थामा हामीहरु चुकेको अवस्था छ । नीतिगत अस्पष्टता, कानुनको अभाव, तीन तहका सरकारवीचको समन्वयको अभाव र हाम्रा आवश्यकताहरुलाई प्राथमिकीकरण गर्न नसक्नुले पनि जति उपलब्धि हुनु पर्ने हो, त्यो भएको छैन । यसै सन्दर्भमा गत २०७९ साल बैसाख ३० गतेको

आम निर्वाचनबाट हामी स्थानीय सरकारको नेतृत्वमा आएका छौं । यस गाउँपालिकामा दिगो विकास र जनमैत्री सेवा प्रवाह गर्दै बृहत्तर विकासको दरिलो जग खडा गर्नु हामी निर्वाचित जनप्रतिनिधिको पहिलो दायित्व हो । हामी यही दिशामा अबको ५ बर्षे कार्यकालमा अगाडी बढ्ने छौ ।

अबको ५ बर्षे कार्यकालमा यस गाउँपालिकालाई विकास निर्माण, सेवा प्रवाह, सुसासन, जनताको जीवन स्तर उकास्न र शिक्षा क्षेत्रको स्तर वृद्धि, कृषि बजारिकरणको सहायताले आन्तरिक आय वृद्धिको हिसाबले नमुना गाउँपालिका निर्माणको महाअभियानमा होमिएका छौं । यो पवित्र लक्ष्यको पुरिंपुर्तीका लागि हामी सबैसँग हातेमालो गरेर अगाडी बढ्ने प्रण गर्दछौं । विगत ५ बर्ष कार्यकालमा भएका राम्रा कामहरुको निरन्तरताकासाथ हाम्रो घोषणा पत्रमा उल्लेखित प्रतिवद्धताहरुलाई आधार मानेर समृद्ध महाकुलुङ निर्माणको अभियानमा हामी लागि रहने प्रतिवद्धता जाहेर गर्दछौं ।

आदरणीय सभाध्यक्षज्यू, सभासदज्यूहरू,

अब म यस महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० का लागि वार्षिक नीति तथा कार्यक्रम र बजेटका प्राथमिकता तथा उद्देश्यहरु प्रस्तुत गर्न गईरहेका छौं ।

## १. हाम्रा प्राथमिकताहरु

क) निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायी मुलक कृषिमा रुपान्तरण गरि कृषि उत्पादन र उत्पाकत्व बढाई आत्मनिर्भरता र व्यवसायिकता तर्फ उन्मुख गराई स्थानीय समुदायको आर्थिक जीवनस्तर उकास्ने ।

ख) भौतिक पूर्वाधारहरु अन्तर्गत पालिका भवन, बाँकी रहेका वडाहरुको भवन, पुल, सडक स्तरोन्नति, खानेपानी तथा ढल निर्माणका कार्यहरु थालनी गरी सम्पन्न गर्ने ।

ग) शिक्षामा अधिकतम प्रविधिको प्रयोग गरि कक्षा कोठाहरुलाई डिजिटलाईज गर्ने, सबैको पहुँच स्थापना, गुणस्तरमा सुधार, अंग्रेजी माध्यम तथा वैकल्पिक शिक्षा माध्यमको प्रयोग गर्ने, प्राविधिक धारको शिक्षालाई बढावा दिई सिपमुलक जनशक्ति उत्पादन गर्ने, नेपाल सरकारको अनुदान पाउने गरी नमुना विद्यालय स्थापना गर्ने तथा विकास गर्ने ।

घ) सम्भव भएसम्मका सेवा घरघरमा पुऱ्याउने गरी डेलिभरी गभरमेण्टको अवधारणा लागु गर्ने, सेवा प्रवाहमा सहजता अनुभुति हुने गरी, पारदर्शी, प्रविधी मैत्री, सरल र सहज पहुँच हुने बनाउने,

ङ) नागरिकको स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्ने चिकित्सक सहितको गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्था गरि सम्भव भएसम्मको स्वास्थ्य सेवा घरघरमा पुगेर दिने,

२०७९।३।१६
सूर्य बहादुर
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

घ) महाकुलुङ एर्पोट निर्माणको लागि जग्गा व्यवस्थापन गरी सम्बन्धित निकायमा निर्माणको लागि पहल गर्ने ।

ङ) सडकको स्तरउन्नति गरी महाकुलुङ रिङरोड सम्पन्न गर्दै गुणस्तरीय र बाह्रै महिना सडक संचालन गर्ने व्यवस्था मिलाउने ।

च) ५ बर्ष भित्र शुद्ध खानेपानी पुऱ्याउन एक घर एक धाराको अवधारणा लागू गर्ने,

छ) सहायता कक्ष खडा गरि सेवा प्रावहलाई चुस्त बनाउने,

ज) छेस्काम खोङमादिङ सेतीपोखरी हुदै मेरा जाने पर्यटन पदमार्गको निर्माण एवं प्रचार प्रसार, बुकुर क्यान्पा, चाम्लाङ आदि पर्यटन कार्यक्रममा समाविष्ट गराई पर्यटनलाई रोजगार तथा मुख्य आयआर्जनको माध्यमको रुपमा विकास गर्ने ।

उद्देश्यहरु :-

१) गाउँपालिका भित्र भौतिक पुर्वाधार निर्माणको कामलाई द्रुतगतिमा अगाडी बढाउने,

२) गाउँपालिका क्षेत्र भित्र ५ बर्षे कार्यकालमा गरिने गौरबका आयोजनाहरुको सुचिकरण गरि डिपिआर निर्माणको काम तत्काल अगाडी बढाईने छ,

३) कृषि तथा पशुपालनको क्षेत्रलाई उच्च प्राथमिकता राखी बजारिकरणमा जोड दिने,

४) शिक्षालाई सिपसँग, सिपलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने किसिमका कार्यक्रमहरु अगाडी सारिने,

५) पर्यटन क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पुर्वाधार निर्माणको कार्यलाई अगाडी बढाईने,

६) स्वास्थ्यको क्षेत्रमा जनतालाई प्रत्यक्ष अनुभूति हुने खालको सुधार तथा नवीन प्रविधियुक्त बनाउने,

७) संघ, प्रदेश, विभिन्न दातृ निकाय र संस्थाहरुसँगको सम्बन्धलाई अझ प्रभावकारी बनाउन जोड दिने,

८) युवा तथा बेरोजगारलाई सीपमुलक कार्यक्रम तथा सहुलियत कर्जा मार्फत रोजगार कार्यक्रमलाइ प्रभावकारी रुपले कार्यान्वयन गर्ने,

९) शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि खेलकुद, शारिरिक व्यायाम, योग, ध्यानको अभ्यास गर्न उत्प्रेरित गरिने,

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

२०७८/३/१०

१०) वातावरण संरक्षण र आयआर्जनको लागि जडिबुटि खेती र संरक्षणलाई जोड दिईने छ ।

आदरणीय सभाध्यक्षज्यू एवम् सभासदज्यूहरू,

अब म आर्थिक वर्ष २०७९/०८० मा राखिएको उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने विशिष्टिकृत, क्षेत्रगत प्रमुख नीतिहरू तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नीति तथा कार्यक्रमहरु:**

संविधानले प्रदान गरेका नागरिक अधिकारहरुको पूर्ण प्रत्याभुति हुने गरी कार्यक्रम तथा बजेट निर्माण गरिनेछ । गरिव, दलित, अल्पसंख्यक तथा वेरोजगारहरुको सूची तयार गरी लक्षित वर्गको आर्थिक स्तर उकास्ने किसिमका समाजवादी कार्यक्रम लागू गरिने छ । **सक्षम नागरिक**, समुन्नत पालिकाको अभियानलाई अगाडी बढाईनेछ ।

*शिक्षा*

१. गाउँपालिकामा कम्तिमा एउटा प्राविधक शिक्षालय स्थापना गरी दक्ष प्राविधिक जनशक्ति तयार गरिनेछ ।

२. पालिका भित्रको उपयुक्त शिक्षालय छनौट गरी आधुनिक, प्रविधिमैत्री, स्नातक तह सम्म पढाई हुने बहुमुखी क्याम्पस स्थापनाको पहल गरिने छ ।

३. पालिका भित्रका सबै विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्न विभिन्न गैह्रसरकारी संस्थासँग सहकार्य गरी समुचित प्रबन्ध गरिने छ ।

४. सबै विद्यालयमा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको रुपमा स्थानीय समूदायको बाहुल्यतालाई आधार मानि कुलुङ र शेर्पा भाषाका स्थानीय पाठ्यक्रमको रुपमा लागू गरिनेछ । स्थानीय पाठ्यक्रममा भाषाका अतिरिक्त प्रविधिलाई पनि जोड दिने व्यवस्था गरिनेछ ।

५. यसै सत्र देखि हरेक कक्षाहरुलाई प्रविधिमैत्री (डिजिटिलाईज) बनाईने छ । जसका लागि हरेक कक्षा कोठामा आधुनिक प्रोजेक्टर  वा स्मार्ट बोर्डको प्रयोग गरिनेछ,  भने शिक्षकहरुले अनिवार्य रुपमा कम्प्यूटरको माध्यमबाट कक्षा संचालनको वातावरण निर्माण गरिनेछ ।

६. हरेक विद्यार्थीलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन आगामी शैक्षिक सत्र देखि विद्यालयमा भाषा सुधारका लागि अंग्रेजी माध्यमबाट पठन पाठन गराईने छ । जसका

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
२०७९/३/१०

लागि यही शैक्षिक सत्र देखि अंग्रेजी भाषामा कमजोर रहेका अंग्रेजी भाषाको तालिमको व्यवस्था गरिनेछ ।

७. हरेक विद्यालयको कार्यालय र कक्षाकोठामा अडियो/भिडियो सहितको सिसि क्यामेरा राखिने छ । जसको मनिटरिङ सिधै गाउँपालिकाबाट हुनेछ । गाउँपालिकाले प्रत्यक्ष रुपमा कक्षा कोठाको निगरानी गर्ने प्रविधिको प्रयोग सँगै शिक्षक/विद्यार्थीको अनुपस्थित हुने दर कम हुने अपेक्षा गरिएको छ ।

८. हरेक विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गरि दैनिक हाजिरी अभिलेख सिधै गाउँपालिकाबाट मनिटरिङ हुने सफ्टवेरको व्यवस्था गरि लागू गरिनेछ ।

९. सबै सामुदायीक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशिल लगायतका मापदण्डमा आधारित रहेर मुल्याङ्कन गरि प्रधानाध्यपक/शिक्षकलाई प्रोत्साहन गर्न टिचर अफ द मन्थ कार्यक्रम संचालन गरि महिनाको एकजनाई पुरस्कृत गरि गाउँपालिकाको वेभसाईडमा फोटो सहित अपडेट गराईनेछ ।

१०. गाउँपालिका भित्रका विद्यालयहरुमा अनिवार्य इन्टरनेटको पहुँच विस्तार गरि अनलाइन सिकाइ तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिदै लगिनेछ ।

११. विद्यालय भर्नाबाट बञ्चित बालबालिकाको पहिचान गरि सबै वडाका पदाधिकारी तथा विद्यालयहरु समेतले विद्यालय भर्ना हुनका लागि आवश्यक वातावरण बनाउनमा अविभावकहरुलाई प्रोत्साहित गर्ने कार्यमा सहयोग गर्ने तथा विद्यालय बिचमा नै छाड्ने प्रवृतिलाई निरुत्साहित गर्नेतर्फ विद्यालय, अविभावक तथा जनप्रतिनीधि समेतको समन्वयात्मक प्रयासलाई अगाडि बढाइनेछ ।

१२. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई बहुप्रतिभाशाली बनाउदै, बहुआयामिक व्यक्तित्व निर्माण गर्ने हेतुले विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिईनेछ । हरेक प्रकारका खेलकुद, नृत्यकक्षाहरु, पौडी तालिम संचालन गरिनेछ । खेलकुदबाट बालबालिकाहरुको शारीरिक र मानसिक विकास हुनुका साथै आत्मविश्वासमा समेत वृद्धि हुने भएकोले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगित तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरुसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ । पौडी तालिमका लागि सबैलाई पायक पर्ने छुट्टाछुट्टै स्थानमा दुई वटा स्विमिङपुल निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

१३. विद्यालयका प्रधानध्यापकसँग शिक्षाको गुणस्तर अभिवृद्धिका लागि कार्य सम्पादन करार सम्झौता गरिनेछ । विद्यालयको पठन-पाठन एवं अध्यापन कार्यको समेत नियमित

अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

सुपरिवेक्षण गरी सुधारको कार्यलाई निरन्तरता दिईनेछ । साथै यस कार्यमा शिक्षा समितिहरुलाई सक्रिय बनाइनेछ ।

१४. सूचकाङ्कका आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन गर्न कार्य सम्पादन पुरस्कार र सम्मान प्रदान गरिनेछ ।

१५. प्रारम्भिक बाल विकासको लागि संघीय तथा प्रदेश सरकारको सहकार्यमा गुणस्तर सुधारका कार्यहरु कार्यान्वयनमा ल्याइनेछ ।

१६. अनिवार्य तथा निःशुल्क शिक्षा प्राप्त गर्ने वातावरण सृजना गर्न आवश्यकताका आधारमा आवासीय सुविधा तथा केन्द्र सरकारको सहकार्यमा दिवाखाजाको लागि अभिभावकहरुलाई स्तरीय टिफिन वितरण गरि घरैबाट अर्गानिक र स्वस्थ्य बर्धक खाजा ल्याउने वातावरण सृजना गराईनेछ ।

१७. विद्यालयमा स्वास्थ्य तथा सरसफाईयुक्त वातावरण निर्माण गरिनेछ साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१८. शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

१९. सबै विद्यालयमा त्यस विद्यालयमा अध्ययन गर्ने छात्राहरुको उमेर र अवस्थाको आधारमा गुणस्तरिय स्यानटरी प्याड निःशुल्क उपलध गराईने छ । यसको अलवा प्रत्येक विद्यालयमा स्यानटरी प्याड स्थानिय स्तरमा निर्माण तालिम दिईनेछ, जसले गर्दा घरका अन्य परिवार तथा बिदामा रहदाको अवस्थामा समेत छात्राहरुलाई सजिलो हुनेछ ।

२०. विद्यार्थीहरुको स्वास्थ्य मजबुद बनाउन खानपिनमा अधिकतम पोषण सन्तुलन मिलाउनका लागि पोषणविदहरुको सहायताले ठाउँ ठाउँमा पोषण शिविर सञ्चालन गरिने छ । पत्रुखाना (जंक फुड) लाई पूर्ण रुपमा प्रतिस्थापन गरि स्थानीय कृषि उपज (जस्तै : धान, कोदो, मकै, फापर, जौ, गहुँ आदि) बाट खाना र दिवा खाजा व्यवस्थापनमा जोड दिईनेछ ।

२१. माध्यमिक र निम्न माध्यमिक तहमा न्यून दरबन्दी भएका र अंग्रेजी, विज्ञान तथा गणित विषयमका दरबन्दी नभएका विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापन गर्नका लागि थप अनुदान उपलब्ध गराउने कार्यलाई अगाडि बढाइने छ ।

२२. नेपालको संविधानको धारा ३१ र ४० ले परिकल्पना गरेको व्यवस्था अनुसार शिक्षालाई व्यवहारिक बनाउदै गरिब, दलित, लोपोन्मुख जाति र अपाङ्गता भएकाहरुलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

सूर्य बहादुर राई
अध्यक्ष
...कुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
२०७६/३/१०

२३. गाउँपालिकाको केन्द्रमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत अनुदान पाउने गरी गाउँपालिकाले अनुमति दिई सञ्चालन गरिएको प्राविधिक धार सिभिल इन्जिनियरिङ कक्षा सञ्चालन भईरहेको सगरमाथा माध्यमिक विद्यालयलाई स्तरउन्नोति गरी कक्षा थप गर्दै लगिनेछ । प्राविधिक धारको माध्यमिक विद्यालय सञ्चालन गर्नका लागि चाहिने पूर्वाधार विकासका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग आवश्यक पहल गरी पूर्वाधार तथा चाहिने दक्ष जनशक्ति तथा दरबन्दीको व्यवस्था गरिनेछ । नेपाल सरकारको एक स्थानीय तह एक नमुना विद्यालय कार्यक्रमलाई यस गाउँपालिकामा पनि लागू गर्न आवश्यक पहल तथा समन्वय गरिनेछ ।

२४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Integrated Educational Management Information System) मार्फत विद्यालयहरुको सम्पुर्ण परिवर्तित तथ्याङ्क तथा विवरण अनिवार्य रुपमा अध्यावधिक गराउने, IEMIS बाट जारी गरिएको/हुने विद्यार्थी परिचय पत्र सबै विद्यालयमा अनिवार्य प्रयोग गर्ने व्यवस्था गरिनेछ । IEMIS को तथ्याङ्कको आधारमा सम्पुर्ण सेवा सुविधा उपलब्ध गराइने नीति अवलम्बन गरिनेछ भने गलत तथ्याङ्क अध्यावधिक गर्ने विद्यालयलाई कानुनीरुपमा दण्डित गरिनेछ ।

२५. सामुदायिक विद्यालयमा नेपाल सरकारबाट वितरण गरिएको दरबन्दी न्यून भएको कारणले गाउँपालिकाले नियुक्ति गरिएका गाउँपालिका अनुदानका शिक्षकहरुलाई आ. व. २०७९/०८० का लागि कार्यसम्पादन मूल्याङ्कनका आधारमा मात्र निरन्तरता दिईनेछ । यसमा नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकको मापदण्डलाई मध्यनजर गर्दै गाउँपालिकाले संघीय सरकारले प्रदान गरेको अनुदानमा थप गरी न्यूनतम पारिश्रमिकमा कायम गर्नका लागि तथा गाउँपालिका अनुदानका शिक्षक तथा कर्मचारी, विद्यालय कर्मचारी, बालसहयोगी शिक्षक तथा विद्यालय सहायक कर्मचारीको खाइपाई आएको तलबमान तथा प्रोत्साहन भत्तामा १५ प्रतिशतले वृद्धि गरिएको छ । मासिक खाईपाइ आएको तलब बराबरको चाडपर्व खर्चको समेत व्यवस्था गरिएको छ । नियुक्ति पाएको छ महिना पुगेको अवस्थामा मात्र चाडपर्व खर्च पाउने व्यवस्था गरिनेछ ।

कृषि तथा पशुपालन

१) गाउँपालिका भित्रका खेतियोग्य जमिनको अवस्थाबारे विवरण तयार गर्न माटो परीक्षण गरी कुन जमिनमा कस्तो नगदेबाली लगाउन सकिन्छ ? बैज्ञानिक तथ्य साथ किसानलाई सिफारिस गरिनेछ ।

२) एक घर-एक करेसाबारी अवधारणा लागु गरी सबै प्रकारका तरकारी र फलफुल खेतिको विउ, बेर्ना र आवश्यक अनुदान उपलब्ध गराइनेछ । पालिकामा स्थानीय कृषि उत्पादन बृद्धि गर्दै पालिकाको नाकाहरुमा ढाटको व्यवस्था गरि वैज्ञानिक कर प्रणालीद्वारा कृषि उपज र पशुजन्य आयातलाई क्रमश: न्युनिकरण र स्थानीय उत्पादनमा आत्मनिर्भर कृषि तर्फ पालिकालाई अग्रसर गराईनेछ ।

२०७९/३/१६
अध्यक्ष
ताहाकुबुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

३) गाउँपालिकाभित्र कृषि उत्पादन बृद्धि गर्न बाँझो जमिनको लगत तयार गरी निजि क्षेत्रलाई लिजमा दिएर खेति गर्नका लागि विशेष कृषि अनुदान कार्यक्रम ल्याईनेछ ।

४) प्याकेटको आयातित तेललाई प्रतिस्थापन गरी मानव स्वास्थ्य समेतलाई दृष्टिगत गरि एक घर एक दुनो गाई वा भैसी अवधारणाको रुपमा विकास गरिनेछ । यसका अतिरिक्त दलहनबाली तोरी खेती, भटमास, सुर्यमुखी आदि खेतिलाई प्रोत्साहन गरिनेछ ।

५) कृषि बालीमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान र पशुचौपायाहरुमा लाग्ने रोगहरुको उपचारका लागि एक वडा एक कृषि तथा पशु प्राविधिकको व्यवस्था गरी टोलटोलमा कृषि जेटिए र पशु चिकित्सक खटाईनेछ ।

६) कृषकहरुलाई खेती प्रविधिको बारेमा जानकारी गराउन कृषि प्राविधिकहरुलाई टोल टोलमा परिचालन गरिनेछ ।

७) प्राङगारिक खेतीलाई सुनिश्चितता गर्न पशुपालन गर्ने कृषकहरुको गोठ सुधार कार्यक्रम साथै कम्पोष्ट मल बनाउने तालिम र प्राङगारिक मल उद्योग संचालन गर्न प्रोत्साहन गरिनेछ ।

८) कृषकहरुलाई कृषि अनुदानको समुचित प्रबन्ध गर्दै नगदेबाली खेतिलाई प्रोत्साहन गरिने छ ।

९) कृषिमा व्यावसायिक र आत्मानिर्भर बनाउन कागती, सुन्तला, अम्बा, किवि, ओखर, हाडे बदाम, एभोकाडो जस्ता बहुवर्षीय नगदेवाली तथा फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ।

१०) धान, गहुं, कोदो, फापर जस्ता परम्परागत खेतीबाट उत्पादन बढाउन उन्नत जातको बिउविजन, प्राङगारिक मल लगायत आवश्यक प्राविधिक सहयोग गरि अर्गानिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

११) कृषि बजारको लागि डिजिटल माध्यमबाट कृषि उपजको सहज विक्री वितरणको लागि छुट्टै *हाटबजार मोबाईल एप्लिकेशन* निर्माण गरि सन्चालन गरिनेछ । जसको सहायतताले तुरुन्तै कृषि उपजहरु विक्रीको लागि सहज हुनेछ ।

१२) गाउँ पालिकालाई ठाउ अनुसार किवी, आलु, सुन्तला र अकबरे खुर्सानीको पकेट क्षेत्रको रुपमा विकसित गरी यस पालिकालाई ती बस्तुहरुमा आत्म निर्भर बनाईनेछ ।

१३) गाउँ पालिका क्षेत्रमा कृषि पेशामा उत्कृष्ट काम गर्नेलाई कार्यविधि बनाई उत्कृष्ट पालिका कृषि सम्मानले पुरस्कृत गरिनेछ ।

२०७६/३/१०

...फुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

१४) गाउँ पालिकामा कृषि तथा पशुपालनका क्षेत्रमा सहुलियत पूर्ण ऋणका लागि बैंकहरुसँग समन्वय गरी ऋण उपलब्ध गराउन पहल गरिनेछ ।

१५) कृषि उपजको बिक्रीका लागि पालिकामा रहेको बजारमा व्यवस्थित कृषि बजार निर्माण गरिनेछ । यसबाहेक सदरमुकाम र काठमाण्डौमा समेत विभिन्न निजी संघसंस्था तथा व्यक्तिहरुको सहकार्यमा प्राङगारिक कृषि बजारको स्थापना गरिनेछ ।

१६) गाउँ पालिकामा एक कृषि उपकरण तथा विउविजन प्राप्त गर्नको लागि एग्रोभेट स्थापना गरिनेछ । सो एग्रोभेटबाट किसानहरुले सर्वसुलव रुपमा विउ विजन तथा कृषि औजारहरु उपलब्ध गराईनेछ ।

१७) हालको पशुपालन व्यवस्थालाई सुधार गरी हरेक घरमा एक दुना गाई वा भैसीको अवधारणा विकास गर्दै हरेक वडामा एक एक दुग्धजन्य विक्रि केन्द्र बनाईनेछ । उन्नत जातको गोरु, रागो, बोका ल्याई नश्लमा सुधार गरिनेछ ।

१८) वर्षेनी हुने विभिन्न दैवी प्रकोप तथा जंगली जनावरहरुबाट हुने क्षती तथा विभिन्न रोगहरुबाट हुने बाली तथा पशुधनहरु नोक्सान भई आर्थिक रुपमा कृषकहरुले ठुलो क्षती व्यहोरी रहेकोले विभिन्न विमा कम्पनीहरुसँग समन्वय गरी कृषि बाली विमा तथा पशु विमा गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

१९) वेमौसमि खेतिलाई प्रबर्धन गर्न कृषकहरुलाई टनेल सहयोग तथा विभिन्न तालिहरुको व्यवस्था गरिनेछ ।

२०) सिचाईको बैज्ञानिक व्यवस्थापन गरी अर्गानिक कृषि उत्पादनको लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

२१) गाउँपालिकालाई विषादीमुक्त क्षेत्र बनाउनका लागि बालिनालीमा कृषकहरुले प्रयोग गर्ने रसायनिक मल, किटनाशक औषधीहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ भने जैविक विषादी/वनस्पतिक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ साथै जैविक झोलमल र प्राङगारिक मल उत्पादन केन्द्र निर्माणको लागि संभाव्यता अध्ययनको कार्यलाई अगाडी बढाइनेछ ।

२२) कृषि तथा पशुपालन व्यावसायलाई प्रतिस्पर्धात्मक र उत्पादनमुलक बनाउनको लागि विभिन्न प्रदर्शनी तथा प्रतियोगिताहरु र पुरस्कृत गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

२३) कृषकको क्षमता अभिवृद्धिको लागि पालिका स्तर तथा प्रदेश स्तरको तालिम केन्द्रसँग समन्वय गरी विभिन्न तालिम तथा गोष्ठीहरु सञ्चालन गरिनेछ ।

2068/3/10

महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

२४) पालिकालाई मौसमी तथा बहुबर्षे फलफुलमा आत्मा निर्भर बनाउन हरेक घरमा कम्तिमा ५ वटा बहुबर्षीय फलफुलका बिरुवा वितरण गरिनेछ, जसका लागि विभिन्न निकायसँगको समन्वयमा विरुवा उत्पादन नर्सरी खडा गरिनेछ ।

*स्वास्थ्य तर्फः*

१) सबै गाउँपालिका वासीलाई स्वास्थ्य विमा गराउने कामलाई पूर्णता दिईने छ, सबै स्वास्थ्य चौकीको गुणात्मक सुधार गर्दै सेवामुखी बनाइनेछ ।

२) १५ बेडको महाकुलुङ प्राथामिक अस्पताललाई आवश्यक चिकित्सक व्यवस्था गरी २४ सै घण्टा गुणस्तरीय सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा विकसित गरिनेछ ।

३) यसै आर्थिक बर्ष विभिन्न व्यक्ति तथा निकायहरुको सहयोगमा एम्बुलेन्स व्यवस्था गरी एम्बुलेन्स मार्फत सुत्केरी, बृद्धबृद्धा र लक्षित वर्गका नागरिकहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

४) ६० वर्ष नाघेकालाई नि:शुल्क उपचार र ६८ वर्ष नाघेका बृद्धबृद्धा र शारीरिक रुपमा अंशक्त, बालबालिका र गर्भवति महिलाहरुलाई घरघरमा पुगी नियमित मासिक स्वास्थ्य जाँचको व्यवस्थालाई यो बर्ष देखि निरन्तरता दिईनेछ ।

५) आकस्मिक उपचारको लागि गाउँपालिकामा एम्बुलेन्स तैनाथी अवस्थामा राखिने छ । हरेक वडालाई एम्बुलेन्स सेवाको पहुँचमा राखिनेछ । गाउँपालिकाको स्वास्थ्य संस्थामा उपचार सम्भव नभएर काठमाण्डौं लैजानु पर्ने अवस्था तुरुन्तै हेलिकप्टर मार्फत व्यवस्थापनमा मार्फत राजधानी लैजानको लागि छुट्टै स्वास्थ्य उद्धार कोषको व्यवस्था गरिनेछ ।

६) "स्वास्थ्य नागरिक- समुन्नत पालिका" भन्ने मूल नाराको साथ नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

७) संभावित महामारिको प्रभावलाई न्यूनीकरण गर्नको लागि र यसको सामना गर्न अक्सिजन सिलिन्डर, कन्सनट्रेटर तथा स्वास्थ्य सामग्री सहित स्वास्थ्य चौकीहरुलाई सुविधायुक्त बनाइनेछ । साथै प्रत्येक स्वास्थ्य चौकीहरुमा क्वारेन्टाइन तथा आइसोलेसन वेडसहितको कक्षहरु व्यवस्था गरिनेछ भने स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्रीहरु समेत तयारी अवस्थामा राखिनेछ ।

२०७९/३/१०

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

८) सुत्केरीलाई महिलालाई पोषणको आपुर्तीका लागि "**कोशेली कार्यक्रम**" संचालन गरिने छ भने सुत्केरीलाई नियमित स्वास्थ्य जाँच तथा उपचारको व्यवस्था मिलाईने छ ।

९) बालबालिका, गर्भवती महिला र अन्य बिरामीहरुको स्वास्थ्य परीक्षणका लागि प्रत्येक वडा तहमा नै दाँत, आँखा, ल्याव, ई सि जि , भिडियो एक्सरे सेवा सहित चिकित्सकको टोलिबाट स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईनेछ ।

१०) गम्भीर तथा आपतकालिन अवस्थाका विरामीहरुलाई गाउँपालिकाको स्वास्थ्य उपचार कोषबाट सहयोग गरिनेछ ।

११) संक्रमण तथा जोखिममा खटिने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र गाउँप्रहरीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंम सेविकालाई पुनः ताजगी तालिमको व्यवस्था गरिनेछ ।

१३) गाउँपालिकाभित्र रहेको निजी क्लिनिक र मेडिकल हलहरुबाट प्रदान गरिने सेवाहरुको गुणस्तरीयता सम्बन्धी अनुगमन गरिनेछ, साथै यस्ता स्वास्थ्य संस्थाहरुसँग समन्वय तथा साझेदारी मार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

१४) अस्पताल तथा बर्थिङ सेन्टरमा नै सुत्केरी गराउनेको सख्या बढाउनका लागि प्रोत्सहान गर्ने नीति अवलस्बन गरि मातृ तथा नवशिशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।

१५) महिलाहरुमा हुने पाठेघरको क्यान्सर, स्तन क्यान्सरको निदान एवं उपचारको लागि सहज सुलभ बनाउन विशेष कार्यक्रम ल्याईनेछ । प्रजनन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन समुदायमा महिलाहरुको प्रजनन रुग्नता र समस्याहरुको पहिचान र व्यवस्थापनका लागि समुदाय स्तरमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ र रिङ पेशरी सेवालाई निरन्तरता दिइनेछ ।

१६) राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत सन्चालन हुने नियमित खोप सेवा लगायत आगामी दिनमा सन्चालन हुने कोभिड १९ को खोप अभियानलाई प्रभावकारी बनाइनेछ ।

सूर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
2065/3/10

१७) गाउँपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य चौकीहरुमा इन्टरनेटको व्यवस्था गरी स्वास्थ्य कर्मीहरुले विभिन्न विशेषज्ञहरुसँग प्रत्यक्ष परामर्श (टेलिमेडिसिन) गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

१८) नागरिकलाई स्वास्थ्यलाई मजबुत बनाउन योग, ध्यान र आध्यात्मिक कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

१९) गरिब, विपन्न दलित एवं अल्पसंख्यक समुदायका कम्तिमा चार जना विद्यार्थीलाई छात्रावृत्तिमा मेडिकल शिक्षा अध्ययनको व्यवस्था गराईनेछ ।

**भौतिक पूर्वाधार विकास(भवन, सडक, यातायात)**

१) सडक ट्र्याक खोल्न तथा स्तरउन्नतिको लागि नयाँ अवधारणा लागु गरिनेछ । पालिकाले निर्माण सम्बन्धि सम्पूर्ण उपकरणहरु आफै खरिद गरि सडक ग्राभेल गरिनेछ । अब खरिद गरिने एउटा टिपर, एउटा रोलर खरिद गरी आए पश्चात हरेक सडकका भित्तामा कुलो बनाई ग्राभेल गरिने छ । सडक निर्माणको लागि करोडौंको बजेट खर्च गर्ने, उपभोक्ता समिति/ठेक्का मार्फत काम गर्नु पर्ने झण्झट हट्ने छ भने तेल र चोकर खरिद मात्रै गर्ने बजेटले न्युन लागतमा बाटोको स्तरउन्नति हुनेछ । अबको डेढ बर्ष भित्र सबै सडकहरु ग्राभेल गरि टोलटोलमा १२ महिना नै गाडी गुड्न सक्ने गरी बाटोको स्तरबृद्धि गरिनेछ ।

२) तिनै तहको सरकारसँगको समन्वय र साझेदारीमा गाउँपालिकाको सुविधासम्पन्न प्रशासनिक भवनको निर्माणको काम अगाडी बढाईनेछ ।

३) भवन निर्माण बाँकी रहेका वडाहरुको प्रशासनिक भवन व्यवस्थापनको काम अगाडी बढाईनेछ ।

४) पालिकामा सुविधा सम्पन्न बसपार्क निर्माण गरिनेछ ।

५) गाउँपालिकाभित्र रहेको सडकहरुको लगत कट्टा गरिनें कार्यको थालनी गरिनेछ ।

६) गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनहरुको विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा वैज्ञानिक दररेट कायम गरी लागू गरिनेछ भने सार्वजनिक यातायातमा विद्यार्थी र लक्षित वर्गको लागि छुट गराउने व्यवस्था मिलाईनेछ ।

७) गाउँपालिका भित्रको चक्रपथमा चल्ने निजि क्षेत्रको साझेदारीमा सार्वजनिक यातायात संचालन गरिनेछ ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

८) अनुगमन सम्बन्धि उपभोक्ता समितिहरुको गुनासोलाई न्यूनीकरण गर्न र अनुगमनलाई अझ बढी प्रभावकारी बनाउन अनुगमन तालिका बमोजिम योजना अनुगमन संयन्त्रले प्रभावकारी अनुगमन गरि प्रतिवेदन पेश गरे पछि मात्रै भुक्तानीको प्रकृया अगाडी बढाइनेछ ।

९) अन्तरपालिका तथा अन्तरजिल्ला जोड्ने रणनितिक सडकहरुको पहिचान गरि निर्माणका लागि सम्बन्धित स्थानीय तह तथा प्रदेश र संघीय सरकारसँगको सहकार्यलाई बढावा दिईनेछ ।

**शहरी विकास**

१. मुख्य बजार क्षेत्रमा निर्माणहुने घर/कार्यालय तथा व्यापारिक कम्प्लेक्सहरुलाई गाउँपालिकाको भवन निर्माण संहिताको मापदण्डमा रहेर मात्रै निर्माण अनुमति दिईनेछ भने व्यवस्थित शहरीकरणलाई जोड दिईनेछ ।

२. घरजग्गा नक्सापासलाइ अनिवार्य गरि गाउँपालिकाभित्र नयाँ घर निर्माण गर्दा ग्रामिण मौलिकता झल्किने खालको घरहरु बनाउन प्रोत्साहित गरिनेछ ।

३.बजारोन्मुख स्थानहरुमा एकीकृत बस्ति विकास योजना तर्जुमाको लागि अध्ययन गरिनेछ ।

४.वैज्ञानिक घर ठेगाना प्रणाली ( Metric Addressing System with Street Naming ) को अवलम्बन गरी गाउँपालिकाभित्रका मुख्य सडक तथा गल्लीहरुको नामाकरण र घर संख्या (House Numbering) निर्धारण गरिनेछ ।

५. पालिका सडक गुरु योजना (MTMP) तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र विभिन्न क्लब, महिला समूह, गुठी लगायत अन्य सामुदायिक भवनहरु निर्माणमा सहयोग गरिनेछ ।

७ गाउँपालिका भित्रका सडकहरुको वर्गीकरण गरि उक्त सडकको रेखदेख र व्यवस्थापनको जिम्मा टोलसुधार समितिहरुलाई दिईनेछ ।

८. पालिकाका सडकहरुमा हरियाली कायम गर्न सडकमा बहुवर्षे फल दिने प्रजाति (ओखर, एभोकाडो आदि) का बिरुवाहरु रोपिने कार्यलाई क्रमश: अगाडी बढाईनेछ ।

आदरणीय सभाध्यक्षज्यू,

**पर्यटनः**

१) कृषि र पर्याय पर्यटनको लागि आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकसित गरिनेछ ।

2068/2/10

२) पालिकामा यस अघि खुलाईएको साइक्लिङ ट्रेललाई प्रवर्धन गर्न नेपाल पर्यटन बोर्ड, पर्यटन व्यवसायी र निजी क्षेत्रसँग साझेदारी गरिनेछ ।

३) मेरापिक, पाँच पोखरी र साल्पा सिलिछो क्षेत्रको पर्यटन सम्बन्धि गुरु योजना निर्माण गरि कार्यक्रम लागु गरिनेछ । सो क्षेत्रका गाउँमा होमस्टे संचालन गरि मौलिक खानाको प्रवर्धन मार्फत पर्यटकको आकर्षण बढाईनेछ ।

४) क्षेत्री-ब्राह्मण, राई, शेर्पा, तामाङ, मगर, नेवार, दलित समुदाय आदिको मौलिक संस्कृति र संस्कारको संबर्धन एवं प्रवर्धन गरि उपयुक्त स्थानमा विशाल सांस्कृतिक पुरातात्विक संग्रहालय निर्माण गरि पर्यटकको ध्यान आकर्षित गरिनेछ ।

५) पालिकाको उच्च भुभागमा चिडियाखाना सहितको जंगलि रिसोर्ट निर्माणको संभाव्यता अध्ययन पश्चात डिपिआर निर्माण गरि निजि क्षेत्रलाई आयोजना निर्माणमा प्रोत्साहन गरिनेछ ।

६) सामुदायिक तथा निजी तवरबाट निर्मित मठमन्दिर, भुमे, गुम्बा, देवालय लगायतका धार्मिक सम्पदाहरुको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिकता दिईनेछ ।

७) पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँगको समन्वयमा हरेक गाउँमा होम स्टेको व्यवस्था र प्रवर्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।

८) शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

९) गाउँपालिकाको उपयुक्त स्थान छनौट गरी निजि-सरकारी लागत साझेदारीमा आधारित रहेर जीपलाईन निर्माणको संभाब्यता अध्ययनको कार्य थालनी गरिनेछ ।

१०) गाउँपालिकामा विज्ञहरु सम्मिलित पर्यटन प्रवर्द्धन समिति (Toursism Promotion Committee) गठन गर्दै उक्त समितिलाई सशक्तरुपमा परिचालन गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ यसका साथै दीर्घकालिन पर्यटन रणनीतिक योजना ( Long term Tourism strategic plan ) निर्माण गरि लागु गरिनेछ ।

**खानेपानी तथा सरसफाईः**

१) गाउँपालिका भित्रका पानीका मुहानहरुको पहिचान गरि हाल अव्यवस्थित रुपमा वितरण गरिएको योजनाको मुहान र ट्यांकीलाई एकिकृत गरि पिउने पानीको दिर्घकालिन समाधान गरिनेछ ।

२) पालिकामा कम्तिमा दुई वटा विशाल खानेपानी रिजर्भ ट्यांकीको व्यवस्था गरि व्यवस्थित मिटर सिस्टममा घरघरमा पानी पुऱ्याईनेछ भने खानेपानी तथा सरसफाई प्राविधिकको नियमित व्यवस्थापन गरि पानी आपुर्तिमा समस्या हुना साथ तत्काल नियमित आपुर्ति गराईनेछ । पालिका भित्र पानी, बत्ति जस्ता आधारभुत कुराहरुको गुनासो सुन्नका लागि २४ घण्टे हेल्प डेस्क खडा गरिने किसिमको संयन्त्र निर्माण गरिनेछ ।

३) फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ साईड व्यवस्थापन गरिनेछ ।

४) गाउँपालिकालाई सिसा वोतलमुक्त बनाई सफा र हराभरा पालिका निर्माणको अभियानलाई निरन्तरता दिईनेछ ।

५) विभिन्न वडाहरुको सार्वजनिक स्थानमा ढल निकासको कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ ।

६) स्थानीय समुदायसंगको सहकार्यमा पालिकाभित्रका खानेपानीका स्रोतहरुको अभिलेखीकरण गरी खानेपानी मुहान संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिनेछ भने पुराना ढुंगेधारा र पधेंराहरुको संरक्षणका लागि ठोस योजना अगाडी सारिनेछ ।

७) बजार क्षेत्रमा निर्माण भएका नीजि तथा व्यवसायिक भवनहरुको ढल निकासीका लागि सैफटी ट्याङक व्यवस्थित भए नभएको अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ भने सेफटी ट्याङक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

फोहोरमैला व्यवस्थापन

१) "सफा र हरभरा गाउँ, महाकुलुङको सान" को अवधारणा लागु गर्न फोहोरमैलालाई आधुनिक प्रविधिबाट व्यवस्थापन गर्न एकीकृत स्रोत प्रशोधन केन्द्र (IRRC) स्थापनाका लागि स्रोत परिचालन तथा सहकार्यको कार्यलाइ निरन्तरता दिइनेछ ।

२) मुख्य बजार क्षेत्र (Core Market Area) को सरसफाई एवं सुन्दरता अभिवृद्धिका लागि पालिकाभित्रका सडक तथा बजारमा जडित तार तथा पोलहरूलाई व्यवस्थित गरिनेछ । टोल सुधार समितिहरुको गठन एवं पुनर्गठन गरी ती समितिहरुसँगको सहकार्यमा टोललाई व्यवस्थित गर्ने गरी सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । फोहोरमैला व्यवस्थापनको लागि जनतासँगको लागत साझेदारीमा व्यवस्थापन कार्यक्रम अगाडी बढाइनेछ ।

३) पालिकामा फोहोरमैला व्यवस्थापन कोष खडा गरि सञ्चालन गरिनेछ ।

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

४) महिलाहरुको लागि पून:प्रयोग गर्न सकिने कपडाको स्यानिटरीप्याड र बच्चाहरुको लागि कटन डायपरको प्रयोगलाई प्रोत्साहन गरिने कार्यलाइ निरन्तरता दिइनेछ भने सेनिटरी प्याड तथा डाइपरको वितरणका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि निर्माण गरी लागु गरिनेछ ।

५) पालिकाक्षेत्रमा प्लाष्टिकजन्य पदार्थको प्रयोगका लागि बर्जित गरिने छ भने कपडाको झोला प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।

६) व्यवसायिक रुपमा स्थापना गरिएका पशुपंक्षी जन्य खोरहरुबाट निस्कने फोहर मैलाबाट फैलन सक्ने दुर्गन्धबाट गाउँपालिकाको वातावरण प्रदुषणबाट बच्न त्यस्ता खोरहरु सडक तथा बस्तीहरुबाट कम्तिमा २०० मिटर टाढा राख्ने नीति अवलम्बन गरिनेछ ।

ऊर्जा तथा सिँचाइ

१) गाउँपालिकाको हरेक घरमा १ बर्ष भित्र राष्ट्रिय प्रसारण लाईनको पहुँच पुर्‍याई २४ सै घण्टा घरघरमा विजुली बल्ने उज्यालो पालिका घोषणा गरिनेछ ।

२) पालिकामा संचालित लघुजलविद्युत आयोजनाको उचित व्यवस्थापन गरि यहाँका जनतालाई अधिकतम लाभ हुने गरि नेपाल विद्युत प्राधिकरणसँग सम्झौता गरिनेछ ।

३) मुख्य व्यापारिक केन्द्रका मुख्य मुख्य सडक मार्ग र चोकहरुमा विद्युतीय सडक बत्ति राख्ने कार्यलाई विभिन्न निकायसँगको समन्वयमा अँगाडी बढाईनेछ । जसको सहायताले रात्रिकालिन समयमा पनि सडक सुरक्षा कायम गर्न सहज हुनेछ ।

४) गाउँपालिका प्रभावित क्षेत्र रहेका जलविद्युत आयोजनामा जनताको अपनत्वको सुनिश्चितता गर्न सबैलाई संस्थापक शेयर उपलब्ध गराई जनतालाई जलविद्युतको स्वामित्व दिलाइनेछ । जलविद्युत आयोजनाबाट अति प्रभावित क्षेत्रका नागरिकलाई अधिकतम शेयर उपलब्ध गराउन पहल गरिनेछ ।

५) गाउँपालिकाका नागरिकको चुल्होमा धुँवा र ग्याँसमुक्त गरी जनताको स्वास्थ्य र वातावरणलाई अनुकुलन हुने संघिय सरकारसँगको समन्वयमा निशुल्क रुपमा एक घर एक विद्युतीय चुल्हो वितरणको व्यवस्था मिलाईनेछ ।

६) गरिब तथा विपन्न परिवारलाई अवस्था हेरेर छुट्टै कार्यविधि बनाई निश्चित युनिटसम्म नि:शुल्क बत्ति बाल्ने व्यवस्था गरिनेछ ।

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
२०७५/१२/१८

७) खेतिपाती गरिने क्षेत्रको जमिनमा सिचाई सुविधा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिचाइ प्रणालीको छनौट गर्दा यथासम्भव सबै वडा समेटिने, बाली विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने खालका सिंचाइ प्रणाली छनौट गरिनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि**

१) टेलिफोन नेटवर्क नपुगेका स्थानमा १ वर्षभित्र टावर निर्माण गरी फोर्जी ईन्टरनेट सेवा सहितको नेटवर्क विस्तार गरिनेछ ।

२) हरेक वडा केन्द्र र सार्वजनिक स्थानहरुमा फ्रि वाईफाई जोन बनाईनेछ ।

३) गाउँपालिकाबाट सम्पादन हुने काम वडाबाटै हुने गरि अनलाईन प्रणालिबाट सबै सेवा वडाबाटै प्रदान गरिनेछ ।

४) गाउँपालिका भित्रका सबै विद्यालय, स्वास्थ्य चौकी र प्रहरी युनिटहरुमा द्रूत गतिको ब्रोडब्याण्ड ईन्टरनेटको व्यवस्था गरिनेछ । जसका लागि आवश्यक बजेट छुट्याईने छ ।

५) डिजिटल नेपाल फ्रेमवर्क २०७६ को प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाउने साथै कागजको प्रयोग क्रमशः कम गरिदैं लगिनेछ।

६) जिल्लामा सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आत्मनिर्भर र समृद्ध बनाउन विशेष प्याकेज सञ्चालन गरिनेछ ।

७) यस क्षेत्रका सञ्चारकर्मी र पत्रकारको व्यावसायिक विकास र दक्षता अभिवृद्धिका लागि नियमित तालिमहरु सञ्चालन गरिनेछ ।

८) जनतालाई सूचनाको सहज पहुँच पुर्याउन, पारदर्शिता कायम गर्दै शुसासन प्रवर्धनमा टेवा पुर्याउन सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९) जिल्लामा संचालित संचारमाध्यमहरुको दिगो संचालन गर्नका लागि गाउँपालिकाका गतिविधिलाई प्रवर्धन गर्ने सञ्चार माध्यमहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ ।

**बन तथा वातावरण**

१) गाउँपालिकाका सबै सामुदायिक बनमा बैज्ञानिक बन व्यवस्थापन योजना सञ्चालन गरिनेछ । पुराना तथा बढि आयु भएका रुखहरुको लिलाम बिक्रीको समुचित व्यवस्था

अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

गरी नाङ्गो ठाउँहरुमा व्यापक मात्रामा बृक्षारोपण गरी यस पालिकालाई हराभरा गाउँपालिकाको रुपमा पहिचान दिलाइनेछ । जसले पर्याय पर्यटनको विकासमा ठोस योगदान पुग्नेछ ।

२) प्रदेश तथा संघिय सरकारको समन्वयमा कबुलियति बन विकास कार्यक्रम लागू गरी गरिबी हटाउन तथा आर्थिक गतिविधि बढाउन उपयोग गरिनेछ ।

३) लोप हुन लागेका बन्यजन्तु तथा चराचुरुङ्गिको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालीको सन्तुलनका लागि छुट्टै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४) गाउँपालिकाका कम्तिमा दुई वटा स्थानमा ईको पार्क, चिलड्रेन पार्क र पिकनिक

स्थलको विकासको कार्य ठोस रुपमा अगाडी बढाइनेछ ।

५) ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्पन्न गरिएका खोलाहरूबाट मात्र खोलाजन्य पदार्थ संकलन गरिनेछ साथै प्रतिवेदनमा सिफारिस भएका सुझावहरू पालना भए नभएकाको प्रभावकारी अनुगमन कार्यलाइ निरन्तरता दिइनेछ ।

६) पालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE/EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावलीले दिएको क्षेत्राधिकारभित्र रही आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

७) जलवायु परिवर्तन अनुकूलन कार्यक्रम तथा नवीकरणीय ऊर्जाको उत्पादन र प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू निजी तथा गैर-सरकारी क्षेत्रको संलग्नतामा सञ्चालन गरिनेछ ।

८) गाउँपालिकाका सडकलाई हरियाली बनाउन हरेक सडकको छेउमा बहुबर्षे फलफूलका बिरुवा (ओखर, एभोकाडो आदि) वृक्षारोपन कार्यलाई प्रोत्साहन गरिनेछ ।

सुशासन तथा सेवा प्रवाह

१) गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवाहरुलाई सम्भव भएसम्म घरघरमै पुर्याइनेछ । डेलिभरी सरकारको अवधारणा लागू गरी जन्मदर्ता, मृत्युदर्ता जस्ता व्यक्तिगत घटना दर्ताको सेवा घरघर पुगेर दिइनेछ । जसले गर्दा नागरिकहरुले घरमै बसेर सेवा लिन पाउनेछन् भने उक्त कार्यसम्पादनका लागि रोजगारी पनि सृजना हुनेछ।

अध्यक्ष
ताप्लेजुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

२) गाउँपालिकाको कामकार्बाही, निर्णय, कार्यान्वयन प्रकृयाका साथमा आर्थिक कुराहरुको पारदर्शिताका लागि छुट्टै आधुनिक सफ्टवेर निर्माण गरि लागु गरिनेछ ।

३) गाउँपालिकामा भएको र अध्यक्ष तथा उपाध्यक्षले सम्पादन गरेको मासिक प्रगति विवरण वेभसाईट र मिडिया मार्फत सार्वजनिक गरिनेछ ।

४) हरेक त्रैमासिकमा नियमित रुपमा सार्वजनिक सुनुवाई, समाजिक परीक्षण र सार्वजनिक परीक्षण गरिनेछ ।

५) गुनासो सुन्ने तथा उजुरी लिने प्रकृयालाई प्रभावकारी बनाइने छ भने गाउँपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहको अनुगमनलाई प्रभावकारी बनाउन नागरिक समाजका संस्थाहरु मार्फत तेश्रो पक्षद्वारा अनुगमन (Third party monitoring) गराउने व्यवस्था गरिनेछ ।

६) गाउँपालिकाको समग्र कामकार्वाही र सेवा प्रवाहको प्रभावकारीताका लागि जिल्लाका एफ.एम. स्टेशनहरुबाट साप्ताहिक रुपमा *जनतासँग जनप्रतिनिधि* रेडियो कार्यक्रम संचालन गरिने छ ।

७) गाउँपालिकाबाट प्रावह हुने सेवालाई सरल र नागरिकमैत्री बनाउन छुट्टै हेल्पडेस्कको व्यवस्थापन गरिनेछ भने उक्त डेस्कमा छुट्टै कार्यविधी बनाई आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ । जहाँ सेवाग्राहीसँगै हरेक फाँटमा डेस्कका कर्मचारी गएर सहजिकरण गरि द्रुत गतिमा कार्य सम्पादनको वातावरण सिर्जना गर्नेछन ।

८) गाउँपालिकामा आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्न तथा कर्मचारीहरुको मनोवल उच्च राख्न, क्षमता विकास गर्नका लागि समयानुकुल प्रोत्साहन तथा पुनर्ताजकी तालिमहरुको व्यवस्था गरिनेछ साथै संगठन पुनर्संरचनाको कार्यलाई निरन्तरता दिइनेछ ।

९) सार्वजनिक सेवा प्रवाह हुने सबै कार्यालय र स्थानहरुमा सिसि क्यामेरा जडान गरि पालिका बाटै मनिटरिङको व्यवस्था गरिनेछ ।

**महिला, बालबालिका जेष्ठ नागरिक तथा अपांग तर्फ**

**महिला**

१) महिलाहरुलाइ आर्थिक रुपमा सम्पन्न बनाउन महिला समुह, महिला सहकारी गठन गरि आय आर्जनका क्रियाकलापमा संम्लग्न गराईने छ भने बचतको बानी समेत विकास गरिने छ ।

अध्यक्ष
गाउँपालिका
बुङ, सोलुखुम्बु

२) हरेक महिलाहरुलाई आम्दानीसँग जोड्ने कार्यक्रम लागु गरिनेछ ।

३) विपन्न तथा पछाडी परेका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरु गरिनेछ ।

४) परस्परागत सीपहरु भएका महिलाहरुको तथ्यांक संकलन गरि त्यस्ता सीपहरुको नयाँ पुस्तामा हस्तान्तरण गरिनेछ साथै आधुनिक सिपहरु सिकाइ आत्मनिर्भर बनाईनेछ ।

५) महिला सम्बन्धि सञ्चालन गरिने सबै कार्यक्रमहरु महिला सहकारी गठन गरि सोही मार्फत परिचालन गरिनेछ ।

६) महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद विरुद्द शुन्य सहनशिलताको नीति अवलम्बन गरी तिनको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज छिटो र सबैका लागि पंहुच योग्य बनाउन पहल गरिनेछ ।

७) एकल महिलाहरुलाई सीपमुलक कार्यक्रम संचालन गरी स्वावलम्बन बनाइनेछ ।

बालबालिका

१. बालबालिकाहरुको क्षमता प्रस्फुटित गराउनका लागि बालक्लब, बालसंजाल र किशोरी समुहहरु गठनगरि क्षमता अभिबृद्धि गर्ने खालको कार्यक्रम लागु गरिनेछ ।

२. उमेर पुगेर पनि विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालय भर्ना गराउन पालिका समुदाय साझेदारीमा विशेष अभियान संचालन गरिनेछ ।

अपाङ्ग

१) अपाङ्ग र असहाय व्यक्तिहरुको समस्या र आवश्यकताको पहिचान गरि ह्विल चियर, बैशाखी जस्ता जीवनयापनमा सहज हुने सामाग्रीहरु प्रदान गरिनेछ ।

२) अपाङ्गता भएका व्यक्ति तथा असहायका ज्ञान एवं सीपहरुको प्रोफाईल बनाई अध्यावधिक गरिनेछ ।

३) अपाङ्ग र असहाय व्यक्तिहरुले अगाडी सारेका कृषि तथा लघु उद्यम सम्बन्धि परियोजनालाई अनुदान दिने व्यवस्था गरिनेछ ।

४) अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन तथा उनीहरुको मनोबल उच्च राख्नका लागि सीपमुलक कार्यक्रम संचालन गर्नुका साथै अपाङ्गता भएका

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
२०७६।१२।१०

व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाउने खालका कार्यक्रमहरु लागू गरिनेछ ।

५) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

ज्येष्ठ नागरिक/सामाजिक सुरक्षा

१. बृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउँदै विभिन्न बैंक तथा वित्तिय संस्थाहरुसँग सम्झौता गरी घरघरमै वितरणको व्यवस्था मिलाइनेछ ।

२. जेष्ठ नागरिकहरुसँग रहेको संस्कार, अनुभव, तथा सामाजिक व्यवहारलाई भावि युवा पुस्तामा अन्तरक्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

३. दीर्घ रोग भएका बृद्धबृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरु निःशुल्क उपलब्ध गराइनेछ ।

४. आवश्यक कार्यविधी निर्माण गरि बृद्धबृद्धालाई चारधाम यात्र कार्यक्रम तय गरिनेछ ।

विपद् व्यवस्थापन:

प्राकृतिक विपत्तिलाई कसैले टार्न नसके पनि यसको रोकथाम तथा संभावित क्षतिको न्युनिकरणका लागि तपसिल बमोजिमको नीति अवलम्बन गरिनेछ :

१) यस अघि पालिकाका कुन कुन ठाउँमा के कस्ता प्राकृतिक विपद आए भन्ने कुराको यकिन अभिलेख संकलन गरिनेछ ।

२) ठाउँ अनुसारको संभावित प्राकृतिक विपदलाई मध्यनजर गरि विपदग्रस्त ठाउँहरुमा जनताले चिन्ने गरि विभिन्न संकेत चिन्हहरु खडा गरिनेछ ।

३) विपद सम्बन्धि पुर्व सूचना दिने पुराना तथा नयाँ प्रविधि (साईरन, सिसि क्यामेर आदि) को अधिकतम प्रयोग गरिनेछ ।

४) विपद पछि जनजीवनलाई सामान्य बनाउन तत्कालिन, मध्यकालिन र दिर्घकालिन कार्यबारे बालबालिका, महिला, ज्येष्ठ नागरिकलाई तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

५) विभिन्न विपदहरुको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश, संघीय सरकारका निकाय तथा गैर-सरकारी संघ-संस्थासँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

80/3/10

सूर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

६) विपद्मा परेका व्यक्ति,परिवारलाई राहत दिन विपद् जोखिम व्यवस्थापन कोष खडा गरिने छ। विपद्मा परेका पालिकावासीहरूलाई राहत दिन राहत सामग्रीहरुको भण्डारण गरी तत्कालै उपलब्ध गराउने आवश्यक व्यवस्था मिलाइनेछ।

७) जोखिम युक्त स्थलहरूको पहिचान गरी विपद्का बेला राहत र उद्धारका लागि खुला क्षेत्र (Open Space) समेतको व्यवस्था पहिचान गरी जोखिम न्यूनीकरणका लागि कार्यहरु कार्यान्वियन गरिदै लगिनेछ।

८) पालिकाक्षेत्रमा रहेका विद्यालयमा रहेका युवा युवती तथा किशोर किशोरीहरुलाई विपद जोखिम न्युनिकरण सम्बन्धि तालिम दिएर स्वयंसेवक व्यक्तिको रुपमा तयार गरिनेछ।

**राजश्व तथा कर प्रशासन**

१.करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिदै पालिका भित्रका सबै खाले व्यवसाय (होटल, पसल, उद्योग आदि) लाई करको दायरामा ल्याइनेछ। करको दायरा बढाउन जनचेतनामुलक र रणनैतिक कार्यक्रम तर्जुमा गरिनेछ।

२. पालिकाको दिगो आम्दानीको श्रोतहरुको पहिचान गरि करको दायरा बढाईनेछ।

३. राजश्व संकलन कार्यलाई प्रविधि मैत्री वनाइनेछ।

**रोजगारी**

१) वर्षमा कम्तिमा २०० जना युवालाई कुक, प्लम्बर, वाईरिङ, कृषि लगायत रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ जस्ले गर्दा ५ वर्षभित्र गाउँपालिकामा बेरोजगारी उन्मुलन गरिनेछ।

२) गाउँपालिका भित्रका बेरोजगारहरुको तथ्यांक संकलन गरिने छ। पालिकाभित्र संचालित साना तथा ठुला परियोजनाहरुमा ति बेरोजगारहरुलाई प्राथमिकता दिने कार्यलाई सहजिकरण गरिनेछ।

३) यस पालिकाभित्रका स्वरोजगार बन्न चाहने युवा , व्यवसायी तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य वैक सँग सम्झौता गर्ने कार्य अगाडी बढाइ युवा स्वरोजगारको सुनिश्चितता गरि विदेश पलायनलाई निरुत्साहित गरिनेछ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिहरुलाई निर्धारित मापदण्ड बमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ। साथै पालिका अन्तर्गत सबै

2068/3

वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गराइनेछ ।

### गैर-सरकारी संघ-संस्था

१. "विकासका लागि हातेमालो अभियान" सञ्चालन गर्न शिक्षा, स्वास्थ्य, पर्यटन, फोहोरमैला व्यवस्थापन लगायतका सामाजिक क्षेत्रहरूमा काम गर्ने गैर-सरकारी संस्थाहरुसँग लागत सहभागितामा आधारित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । यसका लागि रीड नेपाल, हिमालयन ट्रष्ट नेपाल, इको हिमाल, एक्सन फर नेपाल, क्लासरुम इन द क्लाउड जि-फाउण्डेशन लगायतका गैर सहकारी संस्थाहरुलाई आफ्नो बजेट सहितको कार्यक्रम सञ्चालन गर्नका अनुमति तथा स्वीकृति दिईनेछ ।

### भूमि सुधार

१. गाउँपालिका क्षेत्रमा सार्वजनिक जग्गाको यकिन गरी वृहत भू-उपयोग योजना ( Land Use Plan) तयार गरिनेछ र आवादी जग्गालाई बाँझो राख्ने प्रवृत्ति अन्त्यका लागि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

### उद्योग

१. स्व-उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानीकर्ता र बाह्य लगानीकर्ताको लगानी भित्रिने वातावरण तयार गरिनेछ भने यस्ता उद्योगहरुको स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्न सहजिकरण गर्नका लागि कर छुट लगायतका सुविधाहरु प्रदान गरिनेछ ।

२. साना तथा मझौला उद्योग जस्तैः चिया खेती, किवी प्रशोधन, आलु चिप्स / फ्रेन्चफ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्श्य भूरा/माछापालन आदिको पोत्साहनका लागि आवश्यक अनुदान सहयोग उपलब्ध गराइनेछ ।

३. उद्योग व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउदै गाउँपालिकालाई उद्योग मैत्री गाउँपालिका (Industry Friendly Municipality) को रूपमा विकसित गरिने नीति कायमै राखिनेछ ।

४. पालिका क्षेत्रभित्र रहेका परम्परागत सीपहरु भाँडाकुडा, सिलाइ, छालाजुता लगायतका सीपहरुलाइ व्यवसायीकरण गर्न प्रत्येक वडाहरुमा रकम उपलब्ध गराइनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने क्रसर उद्योगहरुलाई वातावरणमैत्री एवं जोखिमरहित किसिमले सञ्चालन गर्ने गरि दर्ता प्रक्रियालाई सहजीकरण गरिनेछ ।

Sunbyp 2076/3/10
सुर्य बहादुर राई
अध्यक्ष
थुलुङ दुधकोशी गाउँपालिका
बुङ, सोलुखुम्बु

७. विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिनेछ।

**खेलकूद**

१) खेल मैदान नभएका प्रत्येक वडामा न्यूनतम एकवटा खेलमैदान हुने गरी खेलकूद मैदान निर्माण र स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।

२) परम्परागत खेलहरु भलिबल, डण्डिवियो, बाघचाल, कबड्डि, लगातयलाई संरक्षण र प्रवर्धन गरिनेछ।

३) विभिन्न किसिमका खेलकुद प्रतयोगिताहरु आयोजना गरिने छ।

**वित्त तथा सहकारी**

२) कम्तिमा "एक वडा एक सहकारी" को अभियान प्रवर्द्धन गरी सहकारी मार्फत उत्पादन भएका वस्तु तथा सेवालाई प्ररोत्साहन गरिनेछ

३) पालिकामा कृषि विकास बैंकको शाखा लगायत अन्य बैंकहरुको शाखा कार्यालय स्थापनाको लागि पहल गरिनेछ।

४) सहकारीहरुसँगको सहकार्यमा आर्थिक सामाजिक विकासका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ साथै सहकारी डेस्क स्थापना गरी अनुगमन तथा नियमन गरिनेछ।

५) सहकारीहरुको लेखा प्रणाली व्यवस्थित गर्नका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ।

६) पालिकाको भौतिक संपत्तिको सुरक्षाको लागि विमा गर्ने प्रयोजनार्थ निर्जिवन कम्पनीहरु आकर्षित गरिनेछ।

**योजना, अनुगमन तथा मूल्याङ्कन**

१) गाउँपालिका भित्र रहेका संघीय तथा प्रदेश सरकारका निकाय, पालिका तथा गैर-सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजना साझेदारीमा गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ।

२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्यका लागि उपभोक्ता समितिलाई नै जिम्मेवारी बनाउने नीति अख्तियार गरिनेछ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

३) हरेक वडा तथा पालिकामा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गरी आमभेलाबाट अनुमोदन गर्ने व्यवस्था गरिनेछ ।

**साझेदारी**

१) गाउँपालिकाको दीर्घकालिन आयस्रोत निर्माण हुने तथा राम्रो प्रतिफल प्राप्त हुने आयोजनाहरु आर्थिक साझेदारी गर्ने सरकारी तथा निजि बैकहरु, अन्य संघ-संस्थाहरुसंग ऋण, अनुदान तथा साझेदारीमा सञ्चालनमा ल्याईनेछ ।

२) सिमाना जोडिएका पालिकाहरुसँग समन्वय गरी बहुपालिका विकास साझेदारी (Multiple Palika Development Collaboration) कार्यक्रमलाई अगाडि बढाईनेछ ।

३) गाउँपालिका भित्र निर्माण तथा मर्मत हुने सडक, खानेपानी, ढल तथा अन्य पूर्वाधारका लागि यस गाउँपालिका र इच्छुक उपभोक्ता / अन्य निकायसँग ५०/५० प्रतिशत लागत साझेदारीलाई बढी प्राथमिकता दिईनेछ ।

**धर्म संस्कृति**

१) विभिन्न मठ मन्दिर गुम्बा तथा धार्मिकस्थलहरुको भौतिक पूर्वाधार मर्मत सम्भार एवं आवश्यक जिर्णोद्धार गरिनेछ । यसका लागि आवश्यकता पहिचान गरी बजेट उपलब्ध गराउने नीति लागू गरिनेछ ।

२) पालिकाक्षेत्रभित्र रहेको सम्पूर्ण धर्म संस्कृति र संस्कारको जगेर्ना गर्न विशेष भूमिका निर्वाह गरिनेछ ।

**आदरणीय सभाध्यक्षज्यू,**

योजना छनौटका आधारहरू निम्न रहेका छन् ।

**योजना छनौटका आधारहरु**

आर्थिक वर्ष २०७९/०८० का बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, -संशोधन सहित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, गाउँपालिकाका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन (परिमार्जन सहित) २०७४, चुनावी घोषणा पत्र र यस गाउँपालिकाका बजेटका क्षेत्र तथा सीमाले निर्दिष्ट गरेका योजना तर्जुमा प्रकृयालाई आधार मानिएको छ । संघीय सरकार र प्रदेश सरकारद्वारा प्रस्तुत नीति कार्यक्रम तथा बजेट र जनप्रतिनिधिहरुको छलफल तथा विभिन्न चरणमा पेश गरेका निवेदनहरु साथै गाउँसभा सदस्यहरुले स्थानीयहरुसँग संकलन गरिएका मागहरुलाई समेत

सुर्य बहादुर राई
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु
2079/3/10

समावेश गरिएको छ । अघिल्लो आ.व.मा सञ्चालन तथा सम्पन्न हुन नसकेका आयोजनाहरु समेत समावेश गरिएका छन् ।

**बजेट कार्यान्वयनका चुनौति तथा अवसरहरु**

आर्थिक वर्ष ०७९/०८० का बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि वर्तमान परिवेशमा देखिएका समस्याका कारणले विभिन्न चुनौतीहरु थपिएको तथा सोही चुनौतीको माझमा केही सम्भावना र अवसरहरु समेत रहेका छन् । कोभिड-१९ का कारणले गर्दा साधन र स्रोतको व्यवस्थापनको समस्या पर्न सक्ने एवं तत्कालिन आवश्यकताहरुको यथोचित सम्बोधन गर्नुपर्ने भएको हुँदा, आयोजना र कार्यक्रम कटौतीको सम्भावनाहरु हुन सक्ने अवस्थाहरु छन् । त्यसैगरी स्वदेश तथा विदेशमा भएको कोभिड महामारीको प्रभावले पालिकावासीहरु विभिन्न स्थानबाट पलायन भई पालिकामा फर्केर आएका जनशक्तिहरुलाई रोजगार दिनु एउटा चुनौतीको रुपमा रहेको छ । त्यस्ता जनशक्तिहरुमा रहेको सिप र क्षमतालाई पालिकाभित्र संचालित आयोजनाहरुसँग सम्बद्ध गर्नुपर्ने तथा कृषि तथा पशुपालन लगायतका व्यवसायिक क्षेत्रमा जनशक्ति परिचालन गर्ने अवसर समेत प्राप्त भई ती क्षेत्रलाई व्यवसायिकीकरण गर्ने सम्भावनाहरु सृजना भएको छ ।

आदरणीय सभाध्यक्षज्यू,

अन्त्यमा,

आगामी आ.व.का लागि प्रस्ताव गरिएका नीति कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि प्रशस्तै चुनौति रहेतापनि गाउँपालिकाका संरचनाहरुको संस्थागत क्षमता विकास तथा सरोकारवालाहरुको सहकार्य तथा समन्वय विकास गरी तोकिएको लक्ष्य प्राप्त गर्न सकिने आधारहरु रहेका छन ।

लक्ष्य प्राप्तिका लागि हामी सबैले लिने पहलकदमीबाट जनताले अनुभूत गर्ने सेवा प्रवाह तथा अपनत्व स्वीकार गर्न सक्ने वातावरण सृजना गर्न यो नीति तथा कार्यक्रम सफल हुने विश्वास गरिएको छ । तोकिएको समयमा गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न सहयोग पुर्‍याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दलका पदाधिकारीहरू, गाउँसभाका सदस्यहरू सबैका मार्गदर्शन हाम्रा लागि महत्वपूर्ण रहेका छन् ।

यस कार्यमा सहयोग गर्न हुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, गैर-सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी, अन्य जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्तिहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।

अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु

सभामा प्रस्तुत गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विनियोजन ऐन, २०७९ तथा आर्थिक ऐन २०७९ लाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेका छौं ।

यस बजेटको सफल एव प्रभावकारी कार्यान्वर्यनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सक्रिय एवस् रचनात्मक सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासीहरूप्रति आभार व्यक्त गर्न चाहन्छौं । साथै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको क्षणमा यस गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावहरूलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । धन्यवाद !!

जय महाकुलुङ गाउँपालिका

मिति २०७९ अषाढ १० गते ।

सुर्य बहादुर
अध्यक्ष
महाकुलुङ गाउँपालिका
बुङ, सोलुखुम्बु